आज मिती २०७५/१०/९ गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राईज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको ४८ औ बैठक बसी निम्न बमोजिमको उपस्थितिमा देहाय बमोजिमको प्रस्ताबहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जीत ब. राई | गा.पा. अध्यक्ष | |
| २ | सावित्रा भट्टराई | गा.पा. उपाध्यक्ष | |
| ३ | याम कुमार कार्की | वडाध्यक्ष | |
| ४ | डम्बर ब. सुवेदी | वडाध्यक्ष | |
| ५ | याम प्रसाद लामा | वडाध्यक्ष | |
| ६ | गणेश कुमार राई | वडाध्यक्ष | |
| ७ | दाताराम संजेल | वडाध्यक्ष | |
| ८ | भवानी प्रसाद लिंङ्दम | वडाध्यक्ष | |
| १० | कविता राई | कार्यपालिका सदस्य | |
| ११ | मिरादेवि खवास | कार्यपालिका सदस्य | |
| १२ | सोम कुमारी साउदेन | कार्यपालिका सदस्य | |
| १२ | मन कुमारी लिम्बू | कार्यपालिका सदस्य | |
| १३ | वीर ब. देवान | मनोनित कार्यपालिका सदस्य | |
| १४ | याम ब. बिश्वकर्मा | मनोनित कार्यपालिका सदस्य | |
| १५ | चन्द्रप्रकाश बस्नेत | सचिव | |
| अन्य उपस्थिति | | | |
| १६ | डम्वर कुमार प्रधान | ~~योजना शाखा~~ | |
| १७ | विर ध्वज लिम्बु | योजना शाखा | |
| १८ | भिम बहादुर बुढाथोकी | कास | |

प्रस्तावहरु

१। जिल्ला समन्वय समितिमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
२। योजना/ कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
३। गाउँपालिकाको केन्द्रबाट वडा कार्यालयहरु जोडने मुख्य सडकहरुको डिपिआर तयार गर्ने सम्बन्धमा
४। विविध

निर्णय

१. जिल्ला समन्वय समितिको कार्यालय इलामको मिति २०७५।९।२५ को भवन निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा यस कार्यालयलाइ गरिएको परिपत्र बमोजिम यस गाउँपालिकाको वडा कार्यालय भवन निर्माण कार्यको लागि जिल्ला समन्वय समितिको मौज्दात कोषको रकम बाँडफाँड वापत नियमानुसार यस गाउँपालिकालाइ प्राप्त हुने रकम र गाउँपालिकाबाट साझेदारी गर्ने रकम बाट वडा नं. ६ वडा कार्यालय भवन कुल लागतअनुमानको यस वर्ष जम्मा रु ३६१५३४०/२२ खर्च गर्ने अनुमान गरी निम्न क्रमागत योजनाको प्रस्ताब जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | जिल्ला समन्वय समितिको तर्फबाट व्यहोर्ने रकम रु. | गाउँपालिकाको तर्फबाट व्यहोर्ने रकम रु. | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ६ वडा कार्यालय भवन निर्माण | २११५३४०।२२ | १५०००००/- | | क्रमागत योजना |

२ माइजोगमाइ गाउँपालिकाको हिउँदे गाउँसभा २०७५ ले विनियोजन गरेको बजेटको अधिनमा रही निम्न योजना तथा कार्यक्रमहरुमा निम्न बमोजिमको बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र सं. | योजनाको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | कालीदेवि गुफा संरक्षण कार्यक्रम माईजोगमाई - ४ | २०००००/- | पर्यटन प्रर्वद्धन कार्यक्रम |
| २ | जोगमाई खोला हिमुलडाँडा चिजफ्याक्ट्री मोटर बाटो मर्मत माईजोगमाई - १ | २०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| ३ | ओख्ररे - चामुटार - इङ्ला जोड्ने मोटर बाटो मर्मत माईजोगमाई - ६ | २०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| ४ | घुमाउने ज्यामिरे हुदै माईखोला जोड्ने मोटरबाटो मर्मत माईजोगमाई - ६ | २०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |

| | | | |
|---|---|---|---|
| ५ | शारदा आधारभूत विद्यालय, माइजोगमाइ ४ नामसालिंग शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | २०००००/- | शैक्षिक गुणस्तर सुधार कार्यक्रम |
| ६ | माईथुम्के देखि सिस्ने झो.पु. जोड्ने सडक मर्मत तथा स्तर उन्नति माईजोगमाई - ४ | २०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| ७ | चिया बारी भवन गैरी लोसेलिसे मेग्मा सडक मर्मत तथा स्तर उन्नती माईजोगमाई - २ | २०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| ८ | हर्रापाखा तामाङ्ग गाउँ सडक मर्मत माईजोगमाई - ५ | १०००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| ९ | मलुमझुवा चेम्जुङ्ग गाउँ सडक मर्मत माईजोगमाई - १ | १५००००/- | सडक तथा पुर्वाधार विकास कार्यक्रम |
| १० | पूर्ण ज्योति आ.वि. माईजोगमाई - ५ | १०००००/- | शैक्षिक गुणस्तर सुधार कार्यक्रम |
| ११ | शान्तिदिप कृषक समूह भवन निर्माण माईजोगमाई - १ | १५००००/- | कृषि प्रवर्द्धन कार्यक्रम |
| १२ | पाखाबारी भण्डारीगाउँ खानेपानी ट्याङ्की मर्मत तथा मुहान संरक्षण माईजोगमाई -१ | ५००००/- | खानेपानी पाइप तथा मुहान संरक्षण कार्यक्रम |
| १३ | शारदा आ.वि. माईजोगमाई - १ लप्सीबोटे | ५००००/- | शैक्षिक गुणस्तर सुधार कार्यक्रम |

३. यस गाउँपालिकाको हिँउदे गाउँसभा २०७५ मा विनियोजित बजेट शिर्षक पुँजीगत परामर्श तथा अनुसन्धान बाट खर्च गर्नेगरी यस गाउँपालिका केन्द्र बाट वडा केन्द्र जोड्ने निम्न मुख्य सडकहरुको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गाउँपालिकमा सुचिकृत परार्मश सेवादाताबाट डिपिआर तयार गर्ने साथै उक्त डिपिआर तयार गर्ने कार्य चाँडो सम्पन्न गरी मुख्य सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

| क्र.स. | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | नयाँबजार प्याङ्ग पञ्चमी बजार सडक खण्ड | |
| २ | नयाँबजार जोगमाई शनिश्चरे बजार सडक खण्ड | |
| ३ | सोयाङ्ग स्यालढुङ्गा वडा कार्यालय हुँदै इ.न.पा.जोड्ने सडक | |
| ४ | नयाँबजार नामसालिङ्ग बज्रदेवी इ.न.पा. सडक | |

४. विविध

क. माईजोगमाई गाउँपालिका स्थायी ठेगाना भएका विभिन्न प्रकोप पिढितहरुलाई तपशिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | नाम/ थर | प्रकोपको प्रकार | राहत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ओङदी शेर्पा | आगलागी | ५००००/- | |
| २ | प्रेम बहादुर थापामगर | आगलागी | ३००००/- | |

ख. एन्फा द्वारा आयोजित फुटबल रेफ्री तालिममा यस गाउँपालिकाबाट तीन जना सहभागी गराउने साथै उक्त तालिममा नियमानुसार लाग्ने खर्च यस गाउँपालिकाको विभिन्न खेलकुद क्लब सहयोग तगा प्रोत्साहन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

ग. गाउँपालिकाको हेभि इक्विपमेन्ट प्रयोग गरी नयाँबजार देखी प्यांग सडक खण्डको स्तरोन्नती गर्ने कार्य शुरु गर्ने । सो कार्यको लागी हेभि इक्विपमेण्ट सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक मेसिन व्यवस्थापन गर्ने साथै सो योजना कार्यान्वयन, रेखदेख, अनुगमन र सम्बन्धित वन उपभोक्ता समितिसँग समन्वयको जिम्मेवारी वडा नं. ६ को वडा समितिलाइ दिने निर्णय गरियो ।